## पुस्तिकामा समाविष्ट दस्तावेजहरू


| | |
|---|---|
| | पेज नं |
| १. पहिलो वार्षिक साधारण सभा बस्ने मिति, समय, स्थान तथा छलफलको लागि विषयसुची | ५ |
| २. प्रोक्सी फाराम/ प्रवेश पत्र | ७ |
| ३. पहिलो वार्षिक साधारण सभाको लागि सञ्चलाक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन | ८ |
| ४. आर्थिक वर्ष २०६६/६७ को लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ५. आर्थिक वर्ष २०६६/६७ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणसमेतका अनुसुचीहरू | १५-२२ |
| ६. ब्याजदर | २३ |
| ७. बैंकद्वारा प्रदान गरिएका सेवाहरू | २४ |

# सिन्धु विकाश बैकं लिमिटेडको
# प्रथम वार्षिक साधारण सभा बस्ने बारेको सूचना

सिन्धु विकाश बैकं लिमिटेडको मिति २०६७/१०/२५ गते बसेको संचालक समितिको २९ औ बैठकको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभामा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुदा सबै शेयरधनि महानुभाबहरूको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम मिति २०६७ साद २७ गते बिहिबार अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गर्दै सो सभा सम्बन्धी कागजातहरू समाहित गरी यो पुस्तिका तपाई समक्ष पठाएको छु । प्रथम वार्षिक साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०६७/११/२२ गते आईतबार तदनुसार मार्च ६, २०११

समय : विहान ११ बजे

स्थान : सिन्धुपाल्चोक उद्योग वाणिज्य सघंको भवन, बाह्रविसे, सिन्धुपाल्चोक

## छलफलका बिषयहरू :

(क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत प्रतिबेदन छलफल गरी पारीत गर्ने ।

२) आ.ब.२०६६/०६७ को लेखापरिक्षण गर्नको लागि संचालक समितिबाट नियुक्त लेखा परिक्षकको नियुक्ति तथा पारीश्रमिक अनुमोदन गर्ने ।

३) कम्पनीका लेखापरिक्षकले लेखापरिक्षण गर्नु भएको आ.ब.२०६६/०६७ को वासलात , नाफा नोक्सानको हिसाब किताब, नगद प्रबाह तथा लेखापरिक्षण प्रतिबेन सहितको विवरण छलफल गरी पारीत गर्ने ।

४) आ.ब.२०६७/०६८को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्ति गरी निजको पारिश्रमीक निर्धारण गर्ने ।
(वर्तमान लेखापरिक्षक डि.एन.कर्माचार्य एण्ड कम्पनि पुनः नियुक्त हुन योग्य हुनुहुन्छ )

५) संचालक समिति गठनका लागि संचालक पद संख्या ६ को निर्वाचन गर्ने । (निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।)

६) संचालकहरूको पारीश्रमिक,भत्ता तथा सुबिधा अनुमोदन गर्ने ।

७) पुर्व संचालन खर्च अनुमोदन गर्ने ।

८) विविध ।

ख) बिशेष प्रस्ताव :

१. बैकको नियमावलीको नियम ३१ संसोधन गर्ने ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिब

# साधारण सभा सम्बन्धि अन्य जानकारी

१) वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनि महानुभाबहरूले आफ्नो परिचय खुल्ने प्रमाण पत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) शेयरधनि महानुभाबहरूको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनि उपस्थिति पुस्तिकामा सभा हुने दिन बिहान १० बजेदेखि सभा हुने स्थानमा खुल्ला रहनेछ ।

३) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि ( प्रोक्सी ) नियुक्ति गर्न चाहने शेयरधनिहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रतिनिधि पत्र ( प्रोक्सी फारम ) भरी सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घन्टा अर्थात मिति २०६७/११/२० गते बिहान १० बजे भित्र बैंकको मुख्य कार्यालय बाह्रविसे, सिन्धुपाल्चोक मा दर्ता गराई सक्नु र्नेछ । एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर बिभाजन गरी तथा अन्य प्रकारबाट शेयर बिभाजन गरी दिएको प्रोक्सी बदर हुनेछ ।

४) सभा सम्बन्धि सम्पूर्ण काम कारवाही कम्पनी ऐन २०६३ एवं बैकं तथा वित्तिय संस्था सम्बन्धि ऐन २०६३ अनुरूप सम्पन्न गरीनेछ ।

५) साधारण सभा सम्बन्धि अन्य बिस्तृत जानकारी बैकंको प्रधान कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ ।

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति
सिन्धु विकास बैंक लिमिटेड
बाह्रबिसे, सिन्धुपाल्चोक

विषय : प्रतिनिधि नियुक्ति गरेको बारे ।

महाशय,

......................................जिल्ला..............................न.पा./गा.वि.स............... वडा नं ...... बस्ने म/हामी ...................................................... ले त्यस कम्पनीको (बैंकको) शेयरधनीको हैसियतले २०६७ साल फालगुण २२ गतेका दिन हुने साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ................................. जिल्ला ................................... न.पा./गा.वि.स .................... वडा नं ................ बस्ने त्यस कम्पनीका (बैंकका) शेयरधनी श्री ................................................................. शेयर प्रमाण पत्र नं ........................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको/का छु/छौ ।

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाण पत्र नं :
कि.नं. : ........................................................ देखि .................................................... सम्म
मिति : ............................................................

**द्रष्टव्य** : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घन्टा अगावै कम्पनीको (बैंकको) रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) मा पेस गरिसक्नुपर्नेछ ।

---

# प्रवेश पत्र

शेयरधनीको नाम : .................................................... परिचय नं : ..............................

शेयरधनीको सही : .................................................... शेयर संख्या : ..............................

सिन्धु विकास बैंक लिमिटेडको मिति २०६७ साल फाल्गुण २२ गते आइतवारका दिन हुने पहिलो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

**द्रष्टव्य** : शेयरधनी आफैले खाली ठाँउ भर्नु होला ।
( सभा-कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।)

कम्पनी सचिव

# सिन्धु विकास बैंक लि.

पहिलो वार्षिक साधारण सभामा संचालक समितिको तर्फ बाट अध्यक्ष द्धारा प्रस्तुत प्रतिवेदन
२०६७

आदरणीय शेयर धनि महानुभावहरू,

यस सिन्धु विकास बैक लि.को प्रथम वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनी,अतिथी महानुभावहरू लगायत सवैलाई संचालक समिति तथा मेरो तर्फ बाट समेत हार्दिक स्वागत अभिवादन गर्दछुं । विकास बैंक स्थापनाको लागी यहांहरूले पुर्‍याउनु भएको सहयोगको कारणनै आज हामी यस विकास बैंकको पहिलो वार्षिक साधारण सभा गर्न गईरहेका छौं । बढी भन्दा बढी व्यक्तीहरूलाई समेटी बैंक स्थापना गर्नुलाई हामीले पहिलो सफलताको रूपमा लिएका छौं । मिति २०६७।५।२४ गते बाट बाह्रविसे, सिन्धुपाल्चोक स्थीत मुख्य कार्यालय बाट विधिवत वित्तिय कारोवार शुरू गरेका हामीले छोटो समयमै बनेपा, मेलम्ची तथा खाडीचौरमा शाखा कार्यालयहरू स्थापना गरी संचालनमा ल्याई सकेको यहांहरूलाई अवगतै छ । नेपाल राष्ट्र बैंकको निती अनुरूप दुर्गम जिल्लामा वित्तिय सेवाको पहुंच पुर्‍याउन हामीले मेलम्ची तथा खाडीचौरमा शाखा स्थापना गरेका हौ । जहां कुनै पनि बैंक तथा वित्तिय संस्थाको उपस्थिती थिएन । मुख्य कार्यालय तथा शाखा कार्यालयहरूको उद्घाटन समारोहमा यहांहरूको बाक्लो उपस्थितीले बैंक प्रति यहांहरूको माया दर्शाएको छ । यसलाई कदर गर्दै हामी आगामी दिनहरूमा ग्राहकहरूको सेवाको निमित्त कटीवद्ध हुने प्रतिवद्धता व्यक्त गर्दछौं ।

देशमा विद्यमान राजनितिक अस्थिरता, बन्द हडताल जस्ता गतिविधीहरू बाट लगानी योग्य वातावरणको सिर्जना हुन सकेको छैन जसवाट उत्पादनशिल क्षेत्रमा लगानी प्रवाह गर्ने अवसर बाट बैकिगं क्षेत्र बन्चीत भै रहेको छ । त्यस्तै बैंकिगं क्षेत्रमा पटक पटक भैरहने तरलताको अभावलाई पनि मध्यनजर गरी चनाखो भै रहनु पर्ने स्थिती छ । यस विकास बैंकको व्यवस्थापन सवल र सक्षम भएकोले यस्ता चुनौतीहरूको सामना गरी सफलता हासील गर्छ भन्ने म यहांहरूलाई विश्वास दिलाउन चाहन्छु ।

बैंक खोलेको केहि महिनामै ३००० जना भन्दा वढीले खाता खोली हामीलाई हौसला प्रदान गर्नु भएको छ । २० करोड निक्षेप संकलन तथा ७ करोड कर्जा लगानी भई सकेको छ । यसै वर्ष विकास बैंकले संचालन मुनाफा हासील गर्नका लागी हामीले पहल गरी राखेका छौं र यहांहरूको पनि सहयोगको अपेक्षा गर्दछौं । फलस्वरूप बैंकले प्रदान गर्ने सेवालाई फराकीलो पार्दै जाने उद्धेश्यले समय सापेक्ष विभिन्न किसिमका निक्षेप तथा कर्जा योजनाहरू संचालनमा ल्याएका छौं । त्यस्तै रेमिटेन्स बाट आएका रकमहरूको भुक्तानी, विदेशी मुद्रा खरिद, निशुल्क अन्तर बैकिगं सुविधा, निशुल्क चेक क्लियरीगं सुविधा, एन एम वी बैंक बबरमहल काठमाडौंबाट यस विकास बैंकका ग्राहकहरूको चेक भुक्तानीको निशुल्क सुविधा लगायत विभिन्न सेवाहरू प्रदान गर्दै आएका छौं । निक्षेपमा आकर्षक व्याज र कर्जामा सुलभ व्याज दर लगाई ग्राहकहरूलाई लाभान्वीत गराई राखेका छौं ।

नेपाल राष्ट्र बैंकको निर्देशन मुतावीक शाखा खोल्नका लागी राजधानी वाट नजिक र उपयुक्त रहेकाले सिन्धुपाल्चोक जिल्लामा बैंक तथा वित्तिय संस्थाहरूको स्थापना अहिले ह्वात्तै बढेको छ र अझै खोल्ने क्रम जारी छ । यस अवस्थामा एक अर्का विच प्रतिस्पर्धा हुनु स्वाभावीक नै हो । यो

प्रतिस्पर्धी वातावरणलाई हामीले गम्भीरतापुर्वक महशुश गरी कार्य गर्नु पर्ने हामीले ठानेका छौं । यस विकास बैंक स्थानिय स्तरबाट खुलेको बैंक भएकोले यसको उद्धेश्य यसै क्षेत्रको विकास गर्नु भएको म यहांहरूलाई अवगत गराउन चाहन्छु । कर्मचारी व्यवस्थापन, कर्जा लगानी लगायत विभिन्न सेवाहरू यसै क्षेत्रको हितलाई ध्यानमा राखी लागु गरिने भएकाले सिन्धु विकास बैंक तपांइहरूकै बैक हो भन्दा अतियुक्ती नहोला ।

बैंकिगं सेवामा विद्युतीय माध्यमबाट दिईने सेवाहरू सहज र भरपर्दो हुने भएकाले हामीले पनि निकट भविष्यमै ATM, Internet Banking, Mobile Banking लगायतका विभिन्न सुविधाहरू प्रदान गर्दै जाने लक्ष्य राखेका छौं त्यस्तै केहि महिनामै विभिन्न स्थानहरूमा थप शाखाहरू खोली सेवा प्रदान गर्दै जानेछौं । यस क्षेत्रमा रहेका सामाजीक रूपमा पिछडिएका तथा गरिवीको रेखा मुनी रहेका विपन्न वर्गमा गणनाहुने व्यक्ती तथा समुदायहरूका लागी सहज कर्जा योजनाहरू संचालनमा ल्याउने हेतुले सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ सगं सहकार्य गरी कर्जा प्रवाह गर्ने तयारीमा छौं । जसअनुरूप बैदेशीक रोजगारी, पशुपालन, घर निमार्ण, लघु जलविद्युत परियोजना, मलखाद तथा विउ विजन खरिद, साना सिंचाई कुलो, स्यालो ट्युबवेल जडान जस्ता उद्धेश्यका लागी कर्जा प्रवाह गरिनेछ ।

अव म यहांहरूलाई यो प्रतिवेदन तयार पार्दा सम्मको यस बिकास बैंकले गरेको आर्थिक कारोवारको संक्षीप्त विवरण निम्न बमोजिम पेश गर्दछुं ।

| विवरण | रकम |
|---|---|
| शेयर पुंजी | रू.५.१० करोड |
| निक्षेप संकलन | रू.१९.९४ करोड |
| कर्जा तथा अन्य लगानी | रू.९.०१ करोड |
| नगद तथा बैंक मौज्दात | रू.१३ .९५ करोड |

विकास बैंक स्थापना भएको छोटो अवधिमै निक्षेप संकलन तथा कर्जा लगानी उत्साहजनक रूपमा भएको छ । त्यस्तै बैंकले दिने रेमिटेन्स भुक्तानी तथा अन्य सेवाहरू उल्लेखनिय रूपमा भै रहेको छ । तथापी विकास बैंकलाई चांडै भन्दा चांडै नाफामा संचालन गर्नु हाम्रो दायीत्व हो भन्ने महशुश गर्दै यसका लागी संचालक समिति तथा बैंक व्यवस्थापन निरन्तर प्रयत्नरत छ भन्ने म यहांहरूलाई अवगत गराउन चाहन्छु । साथ साथै यहांहरू बाट पनि सहयोग, सल्लाह तथा सुझावको अपेक्षा गर्दछुं ।

अन्त्यमा यस विकास बैंक स्थापनका लागी सहयोग पुर्‍याउनु हुने सवै शेयरधनी महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछुं । त्यस्तै सिन्धुपाल्चोक उद्योग वाणीज्य सघंका सम्पुर्ण पदाधिकारीज्यूहरूलाई बिकास बैंक स्थापनाका लागी सकृय पहल गरि दिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछुं । साथै कम्पनि रजिष्ट्रार तथा आन्तरिक राजस्व कार्यालयलाई यस विकास बैंक विधिवत दर्ता गरी दिनु भएकोमा तथा नेपाल राष्ट्र बैंकलाई वित्तिय कारोवार गर्ने ईजाजत प्रदान गरी दिनु भएकोमा हार्दिक धन्यवाद प्रकट गर्दछुं । बैंकको प्रगतीमा बहुमुल्य योगदान पुर्‍याउनु हुने सल्लाहकारज्यूहरू, बैंक प्रति अगाध विश्वास देखाउनु हुने निक्षेप कर्ता तथा ग्राहकहरू, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका पदाधिकारीहरू, बैकको मनोवल बढाउन सहयोग गर्ने सन्चारकर्मीहरू, बैंकका सम्पुर्ण कर्मचारीहरू एवं सम्पुर्ण शुभेच्छकज्यूहरूलाई संचालक समितिको तर्फ बाट पुन हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद

## सिन्धु विकास बैंक लि.
## कम्पनि ऐन २०६३ को दफा १०९ को उपदफा ४ बमोजिमको विवरण

क) विगत वर्षको कारोवारको सिंहावलोकन : विकास बैंकले मिति २०६७।५।२४ देखी वित्तिय कारोवार शुरू गरेको छ । तसर्थ विगत वर्षमा वित्तिय कारोवार नभएको ।

ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिती बाट कम्पनिको कारोवारलाई कुनै असर परेको भए सो असर : आ.व. २०६६।६७ मा वित्तिय कारोवारको ईजाजत प्राप्त नगरिसेकेकोले कुनै असर नपरेको ।

ग) प्रतिवेदन तयार भएको मिति सम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नु पर्ने कुराको सम्वन्धमा संचालक समितिको धारणा : यस सम्वन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यु द्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिसकेका छौं ।

घ) कम्पनीको औद्योगीक वा व्यवसायी सम्वन्ध : विकास बैंक सिन्धुपाल्चोक जिल्लाको पहिलो विकास बैंक हो तथा सिन्धुपाल्चोक उद्योग वाणीज्य संघका पदाधिकारीज्यूहरूको सकृय पहलमा स्थापना भएको हुंदा कम्पनीको औद्योगीक तथा व्यवसायीक सम्वन्ध अत्यन्तै राम्रो रहेको छ ।

ङ) संचालक समितिमा भएको हेरफेर र सो को विवरण : विदेश जानु पर्ने कारणले संचालक पद वाट श्री सुव्रत शाक्यज्युले दिनु भएको राजीनामा मिति २०६७।७।१८ देखी लागु हुने गरी स्विकृत गरियो । रिक्त संचालक पदमा शेयर धनी श्रीमती निभा डंगोल श्रेष्ठलाई सोही मितिमा नियुक्त गरियो ।

च) कारोवारलाई असर पार्ने मुख्य कुराहरू :

१) बैंक तथा वित्तिय संस्थाहरूको शाखा स्थापनाको संख्या वृद्धी भए बाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखीम

२) बिकास बैंक बाट प्रदान गरिने कर्जाहरूको असुली बाट हुन सक्ने जोखीम

३) राष्ट्रको मौद्रिक तथा वित्तिय नितिमा हुने परिवर्तन बाट हुन सक्ने जोखीम

४) विदेशी विनिमय खरिद गर्दा विनिमय दरमा हुने परिवर्तन बाट हुन सक्ने जोखीम

५) कर्जा तथा लगानीको दायरा सांघुरिएर सो वाट हुन सक्ने जोखीम

६) देशको राजनैतिक अस्थिरताका कारण आर्थिक कारोवारमा हुने उतार चढावबाट हुन सक्ने जोखीम

छ) लेखा परिक्षण प्रतिवेदनमा हुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिकृया : सो नभएको ।

ज) लाभांश वांडफांड गर्न शिफारीस गरिएको रकम : सो नभएको

झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अकिंत मुल्य त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो वापत कम्पनिले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भए पछि सो शेयर विक्री गरी कम्पनिले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सो को विवरण : सो नभएको

ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगती र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितीको पुनरावलोकन : विगत आ.व. २०६६।६७ मा वित्तिय कारोवार शुरू नगरिसकेको र यसको सहायक कम्पनी नरहेको ।

ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपुर्ण परिवर्तन : विगत आ.व. २०६६।६७ मा वित्तिय कारोवार शुरू नगरिसकेको र यसको सहायक कम्पनी नरहेको तथा महत्वपुर्ण परिवर्तन नभएको ।

ठ) विगत आर्थिक वर्षमा कम्पनीको आर्थिक आधारभुत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी : सो नभएको ।

ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामीत्वको विवरण कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्वन्धमा निजहरू बाट कम्पनीले प्राप्त गरेको जानकारी :

| सि.नं. | संचालक तथा पदाधिकारीहरूको नाम | पद | शेयर संख्या |
|---|---|---|---|
| १. | राजेन्द्र कुमार श्रेष्ठ | अध्यक्ष | ३५००० |
| २. | विष्णु बहादुर खत्री | संचालक | २५००० |
| ३. | नरेश लाल श्रेष्ठ | संचालक | १०००० |
| ४. | ध्रुव लाल श्रेष्ठ | संचालक | १००० |
| ५. | हरि रायमाझी | संचालक | ३५०० |
| ६. | निभा डंगोल श्रेष्ठ | संचालक | १००० |

शेयर कारोवारमा निजहरू संलग्न नरहेको ।

ढ) विगत आर्थिक वर्षमा कम्पनी सगं सम्वन्धीत सम्झौताहरूमा कुनै संचालक तथा निजको नातेदारको व्यक्तीगत स्वार्थको वारेमा उपलव्ध गराएको जानकारीको व्यहोरा : सो नभएको

ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तान गरेको रकम : सो नभएको

त) आन्तरीक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण : प्रतिवेदन वर्षमा नभएको ।

थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

| | विवरण | रकम |
|---|---|---|
| १ | कर्मचारी खर्च | ३,४६,५०० ।- |
| २ | कार्यालय सञ्चालन खर्च | १०,८९,४६८ ।- |

द) लेखा परिक्षण समितिका सदस्यहरूको नामावली निजहरूले प्राप्त गरेको पारिश्रमीक भत्ता तथा सुविधा सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण : प्रतिवेदन वर्षमा सो नभएको ।

ध) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयर धनि वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम वुझाउन वांकी रहे सो कुरा : सो नरहेको

न) संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक भत्ता तथा सुविधाको रकम :

प्रतिवेदन वर्षमा संचालक समितिले बैठक भत्ता नलिएको ।

कार्यकारी प्रमुखलाई तलव वापत रू.३१५०००।– संचयकोष वापत रू.३१५००।–

प) शेयरधनीहरूले वुझिलिन वांकी रहेको लाभांश रकम : सो नरहेको

फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण : सो नरहेको

ब) दफा १७५ बमोजिम सम्वद्ध कम्पनि वीच भएको कारोवारको विवरण : सो नरहेको

भ) यस ऐन तथा प्रचलित कानुन बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा : सो खुलाई सकेको ।

म) अन्य आवश्यक कुराहरू : सवै उल्लेख गरि सकेको ।

Pan No.: 500051836

D.N. Karmacharya & Co.
Chartered Accountants

Ph.: 977-1-4257869 (O), 977-1-4602276, 4602357 (R), 977-1-2200185 (UTL), E-mail: dnk@dnk.wlink.com.np
Correspondence: G.P.O. Box: 1232, Kathmandu, Nepal

Reference ....................                                        Date: ..................................

## श्री सिन्धु विकास बैंक लि.का शेयरधनी महानुभावहरूसमक्ष लेखापरिक्षण प्रतिवेदन

१. हामीले सिन्धु विकास बैंक लिमीटेड, बाह्रविसे को यसै साथ संलग्न २०६७ आषाढ मसांत सम्मको वासलात, सो मितीमा समाप्त भएको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको लेखा परिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरू प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहन्छ र व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरू उपर लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले नेपाल लेखापरीक्षणमान तथा लेखापरिक्षणसंग सम्बन्धित अन्य प्रचलन समेतलाई आधार लिई लेखापरिक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू सारभुतरूपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागी ती लेखापरिक्षणमान अनुसार लेखापरिक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरूलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अबलम्बन गरेको लेखा सिद्दान्त , व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वितीय विवरणको प्रस्तुतीको समग्र स्थितीको मूल्याकंन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विशवस्त छौं ।

३. उपरोक्त आधारमा लेखापरिक्षण गरी निम्नानुसार प्रतिवेदन पेश गरेका छौ ।

(क) हामीले लेखापरीक्षणको सिलसीलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरूको जबाफ एवं स्पष्टिकरण संतोषजनक पायौ ।

(ख) हामीले लेखा परिक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब ऐन बमोजीम ठीक सँग राखिएको छ ।

(ग) यस प्रतिवेदन सँग सम्बद्ध वासलात नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण नेपाल राष्ट्र बैंकले तोक बमोजीम तयार भएको छ र कम्पनीले राखेको लेखा सँग दुरूस्त रहेको छ ।

D. N. Karmacharya & Co. Chartered Accountants D.N.K.

(घ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिएको स्पष्टिकरण र हामीले परीक्षण गरेका श्रेस्ताबाट बैंकका शेयर होल्डरहरूले शेयर खरीद गर्न मन्जुर गरेका शेयर कित्ताहरूको चुक्ता भुक्तानी भएका छन् ।

४. हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले लेखाको सर्वमान्य सिद्दान्त तथा प्रचलन अनुसार र सोही साथ संलग्न लेखा सँग सम्बन्धित टिप्पणीहरूका साथ अध्ययन गर्दा २०६७ अषाढ मसान्तमा कम्पनीको वित्तीय स्थिती, सो मिति सम्ममा संचालन नतीजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरू कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशानुसार ठीक सँग तयार गरिएका छन् ।

## लेखा सम्बन्धि टिप्पणीहरू

१. नाफा नोक्सान हिसाब ।

बैंक स्थापनार्थ शेयर होल्डरहरूले लिन मन्जुर गरेका शेयर कित्ताहरूको दाखीला रकम नेपाल राष्ट्र बैंकबाट बैंक संचालनको ईजाजत पत्र प्राप्त हुन बाकी रहेकाले बैंकको नाममा खाता खोल्न नसक्ने भई बैंकका संचालकहरूकै नाममा विभीन्न बैंकहरूमा खाता खोली निक्षेप जम्मा दाखिलाबाट प्राप्त व्याज रू.१,४३६,८५२ ।- व्याज आयमा हिसाब जनाइएको छ । व्याज आय हिसावबाट कर्मचारी एवं कार्यालय संचालन गर्न रू.१,४३५,९६८ ।- खर्च व्यहोरीएको छ । सो खर्च न्युन पछी रू.८८४ ।- मात्र बचत रहेकोमा आएकर दायित्व रू.२५६ छुट्टाई बाकी रहेको रू.६१९ जगेडा केषमा कायम गरिएको छ ।

२. पूजीगत खर्च ।

नेपाल राष्ट्र बैंकबाट बैंक संचालनको ईजाजच पत्र प्राप्त गर्नासाथ बैंक संचालन योग्य तुल्याउन आवश्यक भौतिक पूर्वाधार जस्तो फर्निचर, फिक्चरस, अफिस इक्युपमेन्ट, कम्प्यूटर जडान, सफटवेर लगायत काउन्टरहरूको संरचना आदीमा गरी रू.३,७७१,०१५ । खर्च गरेका छन् । यसमा ह्रास खर्च लेखेको छैन ।

संस्थापक (Promoters) हरूले शेयर लगानी वापत शेयरको चुक्ता रकम रू.५,१०,००,००० ।- दाखिला मध्ये पूँजीगत खर्च न्यून गरी बाकी भएका रकम मध्यमा रू.४,३८,४४,७९२ ।- बैंकमा जम्मा गरेका छन् बाँकी रू.३८,८८,५०२ ।- नगदै जम्मा रहेको आ.व. २०६७।०६८ को श्रावण महिनामा बैंकमा दाखीला भएका छन् ।

D. N. Karmacharya & Co.
Chartered Accountants
D.N.K.

# वासलात

आर्थिक वर्ष २०६६/०६७

| | पूजी तथा दायित्व | अनूसूची | रकम |
|---|---|---|---|
| १ | शेयर पूँजी | ४.१ | ५१,०००,०००.०० |
| २ | जगेडा तथा कोषहरू | ४.२ | ६१९.०० |
| ३ | ऋणपत्र तथा बन्ड | ४.३ | |
| ४ | तिर्न बाकी कर्जा सापट | ४.४ | |
| ५ | निक्षेप दायित्व | ४.५ | |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरू | ४.६ | |
| ७ | प्रस्तावित तथा भुक्तानी दिनु बाँकी लाभाँश | | |
| ८ | आयकर दायित्व | | |
| ९ | अन्य दायित्व | ४.७ | ७६१,९०१.०० |
| १० | कर दायित्व | | १५,६२३.०० |
| | कूल दायित्व | | ५१,७७८,१४३.०० |

| | सम्पत्ति | अनूसूची | रकम |
|---|---|---|---|
| १ | नगद तथा बैंक मौज्दात | ४.८ | ४७,७३३,२९४.०० |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | |
| ३ | बैंक/वित्तिय संस्थामा रहेको मौज्दात | ४.१० | |
| ४ | माग तथा अल्प सुचनामा प्राप्त हूने रकम | ४.११ | |
| ५ | लगानी | ४.१२ | |
| ६ | कर्जा सापटी तथा विल खरिद | ४.१३ | |
| ७ | स्थिर सम्पत्ति | ४.१४ | ३,७७१,०१५.०० |
| ८ | गैर बैकिङ्ग सम्पत्ति | ४.१५ | |
| ९ | अन्य सम्पत्ति | ४.१६ | २२,९७५.०० |
| १० | सन्ड्री डेब्टर्स | | २५०,८५९.०० |
| | कुल सम्पत्ति | | ५१,७७८,१४३.०० |

सञ्जीव प्रधान
प्रमुख कार्यकारी अधिकृत

निभा डंगोल श्रेष्ठ
सञ्चालक

हरि रायमाझी
सञ्चालक

हाम्रो लेखापरिक्षण प्रतिवेदन अनूसार

ध्रुवलाल श्रेष्ठ
सञ्चालक

विष्णुबहादुर खत्री
सञ्चालक

नरेशलाल श्रेष्ठ
सञ्चालक

राजेन्द्रकुमार श्रेष्ठ
अध्यक्ष

ध्रुवनारायण कर्माचार्य
डि एन कर्माचार्य एण्ड कं.
चार्टड एकाउन्टेन्टस

## नाफा नोक्सान हिसाब

आर्थिक वर्ष २०६६/०६७

| विवरण | | खर्च | आम्दानी |
|---|---|---|---|
| विविध आय | | | १,४३६,८५२.०० |
| प्रारम्भीक कर्मचारी खर्च (४.२३) | | ३४६,५००.०० | |
| प्रारम्भीक अन्य खर्च (४.२४) | | १,०८९,४६८.०० | |
| नाफा (आयकर व्यवस्था अघि) (४.७) | ८८४ | | |
| आयकर व्यवस्था | | २६५ | |
| खुद नाफा (जगेडा कोषमा सारेको) | | ६१९ | |
| | | १,४३६,८५२.०० | १,४३६,८५२.०० |

## नगद प्रवाह विवरण

आर्थिक वर्ष २०६६/०६७

| विवरण | रकम |
|---|---|
| शेयर पुँजीबाट प्राप्त रकम | ५१,०००,०००.०० |
| अन्य आम्दानी | १,४३६,८५२.०० |
| दायित्व हिसाब | ७८०,२५९.०० |
| क) जम्मा | ५३,२१७,१११.०० |
| पुँजीगत सामान खरिद | ३,७७१,०१५.०० |
| सन्ड्री डेब्टर्स | २५०,८५९.०० |
| धरौटी | १३,०००.०० |
| अग्रिम खर्च (बीमा) | ९,९७५.०० |
| संचालन खर्च | १,४३८,९६८.०० |
| ख) जम्मा खर्च | ५,४८३,८१७.०० |
| मौज्दात (क – ख) | ४७,७३३,२९४.०० |
| बैंक तथा नगद मौज्दात | ४७,७३३,२९४.०० |

अनसुची ४.१

# शेयर पुँजी तथा स्वामित्व

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| १. शेयर पुँजी | |
| १.१ अधिकृत पुँजी | |
| क) २000000 साधारण शेयर प्रति शेयर रू १00 ले | २00,000,000.00 |
| ख) ...... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू ...... ले | |
| ग) ...... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू ....ले | |
| १.२ जारी पुँजी | |
| क) १000000 साधारण शेयर प्रति शेयर रू १00 ले | १00,000,000.00 |
| ख) ...... नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू ...... ले | |
| ग) ...... रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू...........ले | |
| १.३ चुक्ता पुँजी | |
| क) ५१0000 साधारण शेयर प्रति शेयर रू १00 ले | ५१,000,000.00 |
| ख) ........ नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू........ ले | |
| ग) ..........रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू ...........ले | |

अनुसूची ४.२

# जगेडा तथा कोषहरू

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| १. साधारण/बैधानिक जगेडा कोष | ६१९.०० |
| २. प्रस्तावित बोनस शेयर | |
| ३. पुंजीगत जगेडा कोष | |
| ४. क्यापिटल रिडिम्पसन् रिजर्भ | |
| ५. पुंजी समायोजन कोष | |
| ६. अन्य जगेडा तथा कोष | |
| क. भैपरी आउने जगेडा | |
| ख. संस्था विकास कोष | |
| ग. लांभाश समिकरण कोष | |
| घ. विशेष जगेडा कोष | |
| ङ. सम्पत्ति पुर्नमूल्याङकन कोष | |
| च. अन्य स्वतन्त्र कोष | |
| छ. अन्य जगेडा कोष | |
| ५. सञ्चित | |
| ६. सटही घटबढ कोष | |
| जम्मा | ६१९.०० |

अनुसची ४.७

## अन्य दायीत्वको विवरण

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| सण्ड्रि क्रेडिटर्स | ६९८,९०१.०० |
| कर्मचारी सम्वन्धी दायीत्व | ६३,०००.०० |
| जम्मा | ७६१,९०१.०० |

अनुसची ४.८

## बैंक तथा नगद मौज्दात

आर्थिक वर्ष २०६६/६७

| गत वर्ष रू | विवरण | स्वदेशी मुद्रा | विदेशी मुद्रा रू मा | | | कुल रू. |
|---|---|---|---|---|---|---|
| | | | भा.रू | परिवर्त्य वि.मु | जम्मा | |
| | १. नेपाल राष्ट्र बैंक | २,५५०,०००.०० | | | | |
| | २. एन.एम बि बैंक, कुमारीपाटी | २००१०९५८.९ | | | | |
| | ३. प्राइम कर्मसियल बैंक,न्युरोड | १८,९८८,८३३.१० | | | | |
| | ४. बेंक मार्जिन (प्राइम कर्मसियल) | २२,९५,०००.०० | | | | |
| | ५. नगद मौज्दात | ३,८८,८५०२.०० | | | | ४७,७३३,२९४.०० |

अनुसची ४.१४

## स्थीर सम्पत्तीको विवरण

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| फर्निचर एण्ड फिक्सचर्स | २,०३३,११२.०० |
| कम्प्युटर तथा कम्प्युटर पार्टस | ५९०,०३२.०० |
| कार्यालय उपकरण | ६९७,८७१.०० |
| बैकिगं सफ्टवेयर | ४५०,०००.०० |
| जम्मा | ३,७७१,०१५.०० |

अनुसची ४.१६

## अन्य सम्पत्तीको विवरण

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| अग्रिम बीमा खर्च | ९,९७५.०० |
| टेलिफोन धरौटी | १२,०००.०० |
| पोस्ट बक्स धरौटी | १,०००.०० |
| जम्मा | २२,९७५.०० |

अनुसची ४.२३

## कर्मचारी खर्च

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| १. तलव | ३१५,०००.०० |
| २. भत्ता | |
| ३. सञ्चयकोषमा थप | ३१,५००.०० |
| ४. तालिम खर्च | |
| ५. पोशाक | |
| ६. औषधोपचार | |
| ७. बीमा | |
| ८. पेन्सन तथा उपदान व्यवस्था | |
| ९. अन्य | |
| जम्मा | ३४६,५००.०० |

अनुसची ४.२४

# कार्यालय सञ्चालन खर्च

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| १. घरभाडा | ८३,३३०.०० |
| २. बत्ती विजुली र पानी | १,३२०.०० |
| ३. मर्मत तथा सम्भार | |
| (क) भवन ............ | |
| (ख) सवारी साधन (ईन्धन) | ३०,७००.०० |
| (ग) अन्य ज्याला | १०,३२०.०० |
| ४. बीमा | १,९९५.०० |
| ५. पोष्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स | ५१,९२२.०० |
| ६. कार्यालय उपकरण फर्निचर र सम्भार | |
| ७. भ्रमण भत्ता र खर्च | १८,०३०.०० |
| ८. मसलन्द र भर्पाई | ३३,४५५.०० |
| ९. पत्रपत्रिका तथा पुस्तक | |
| १०. विज्ञापन | १९१,३२१.०० |
| ११. कानुनी खर्च | |
| १२. चन्दा | |
| १३. सञ्चालक समिति सम्बन्धी खर्च | |
| (क) बैठक भत्ता .......... | |
| (ख) अन्य खर्च | |
| १४. साधारण सभा सम्बन्धी खर्च | |
| १५. लेखा परीक्षण सम्बन्धी | |
| क) लेखा परीक्षण शुल्क | १२,०००.०० |
| (ख) अन्य खर्च .............. | |
| १६. रकम स्थानान्तरण कमिशन | |
| १७. स्थीर सम्पत्तिमा ह्रास कट्टी | |
| १८. पुर्व सञ्चालन खर्च अपलेखन | |
| १९. शेयर निष्काशन खर्च | |
| २०. प्राविधिक सेवा खर्च | २५०,०००.०० |
| २१. मनोरञ्जन खर्च | |
| २२. अपलेखन खर्च | |
| २३. सुरक्षा खर्च | |
| २४. कर्जा सूरक्षण प्रिमियम | |
| २५. कमिशन र डिस्काउण्ट | २३०,१००.०० |
| २६. अन्य | १७४,९७५.०० |
| जम्मा | १,०८९,४६८.०० |

# सण्डि क्रेडिटर्सको विवरण

आर्थिक वर्ष २०६६/६७

| विवरण | रकम |
|---|---|
| मर्कन्टनाइल अफिस सिस्टम | ३३७५०० |
| स्टार अफिस इन्टरनेशनल | १२१७०१ |
| पदम बहादुर श्रेष्ठ | ३६८७५ |
| काजीलाल श्रेष्ठ | ७४९९७ |
| सिन्धु प्रवाह साप्ताहीक | ८५०० |
| एम एन मल्टीनेशनल मिडिया | ११९३३ |
| मीडएड नेपाल | ३००८९ |
| भर्टेक्स एड प्रा. लि. | ५७०६ |
| नेपाल डाटा सिस्टम | १६००० |
| डि.एन.कमाचार्य एण्ड कं | १२००० |
| संजीव प्रधान | ४३६०० |
| जम्मा | ६९८९०१ |

## ब्याजदर

| निक्षेप योजनाको प्रकार | अवधि | व्याज भुक्तानी | साधारण | बिशेष |
|---|---|---|---|---|
| मुद्धती खाता | ६ महिने | मासीक | १०.७५ % | ११ % |
| | | त्रैमासीक | ११ % | ११.५० % |
| | १ वर्षे | मासीक | १२ % | १२.५० % |
| | | त्रैमासीक | १२.५० % | १३ % |
| | २ वर्षे | मासीक | १३ % | १३.२५ % |
| | | त्रैमासीक | १३.२५ % | १३.५० % |
| कल खाता | | | | १३ % सम्म |

| | निक्षेप योजनाको नाम | खाता खोल्दा जम्मा गर्नुपर्ने रकम | ब्याजदर |
|---|---|---|---|
| वचत निक्षेप | सजिलो वचत | रू.१०० | ११ % |
| | शुभ लक्ष्मी बचत खाता | रू.५० | ११.२५ % |
| | वाल वालीका बचत खाता | रू.५० | ११.२५ % |
| | जेष्ठ नागरीक सम्मान वचत खाता | रू.५०० | ११.५०% |
| | संञ्चयकोष वचत खाता | ० | ९.५% |
| | शेयरहोल्डर वचत खाता | ० | ११.५०% |
| | मासिक ऋमिक खाता | रू.१००० | १२% |
| चल्ती खाता | | रू ५००० | ०% |

## कर्जा तर्फ

| कर्जा शिर्षक | | व्याज दर (साधारण) | व्याज दर (विशेष) |
|---|---|---|---|
| हायरपर्चेज कर्जा | | | |
| | कर्मसियल सवारी साधन | १७ % | १६.५ % |
| | निजी सवारी साधन | १७ % | १६.५ % |
| | अन्य उपकरणहरू | १८ % | १७.५ % |
| शैक्षिक कर्जा | | १६ % | १५.५ % |
| रियल स्टेट कर्जा | | १८ % | १७ % |
| भवन निर्माण कर्जा | | १७ % | १६.५ % |
| कृषि कर्जा | | १६.५ % | १६ % |
| बैदेशिक रोजगारी कर्जा | | १७ % | १६.५ % |
| कन्सोर्टियम कर्जा | | | १६ % |
| ब्यापारिक कर्जा | | १८ % | १७ % |
| औद्योगिक कर्जा | | १७.५ % | १७ % |
| महिला लघु उद्यम कर्जा | | | १५.५ % |
| मार्जीन लेन्डीगं कर्जा | | १७.५ % | १७ % |
| विपन्न वर्ग कर्जा | | | १६ % |
| ओभरड्राफ्ट कर्जा । ट्रस्ट रिसिप्ट कर्जा । चालु पुंजी कर्जा | | १७.५ % | १७ % |
| साना तथा मझौला व्यवसाय कर्जा (SME LOAN) | | १६.५ % | १६ % |
| जल विद्युत आयोजना कर्जा | | | १५.५ % |
| मुद्धती रसीद धितो कर्जा | | +२ % | |
| अन्य संस्थाको मुद्धती रसीद धितो कर्जामा | | +४ % वा १५ % जुन वढी हुन्छ | |
| नेपाल सरकार द्वारा जारी ऋण पत्रको धितोमा | | +३ % वा १४ % जुन वढी हुन्छ | |
| अन्य कर्जा | | १७.५ % | १७ % |

## बैंकद्वारा प्रदान गरिएका सेवाहरू

१. निक्षेप संकलन

२. कर्जा प्रवाह

३. अन्तर शाखा (ABBS) निशुल्क कारोबार

४. रेमिटेयान्स भुक्तानी

५. चेक समाशोधन (Cheque Clearing) सुविधा

६.एन एम बि बैंक, बबरमहल, काठमांडौ मार्फत नगद भुक्तानी

७. साधारण शेयरको प्राथमिक निष्कासनको सङकलन केन्द्र